**दुप्चेश्वर गाउँपालिकाका**

अध्यक्ष श्री **शंकर बहादुर थापा**ज्यूद्वारा **गाउँसभाको १५ औं**

**अधिवेशनमा** प्रस्तुत दुप्चेश्वर गाउँपालिकाको

# आर्थिक बर्ष २०८१।८२ को नीति तथा कार्यक्रम

## दुप्चेश्वर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## समुन्द्रटार,नुवाकोट

२०८१।०३।०९

# दुप्चेश्वर गाउँपालिकाको

## आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## "कृषि, संस्कृति, पर्यटन र पूर्वाधारः सन्तुलित विकास दुप्चेश्वरको आधार "

प्रदेश सभा सदस्य माननिय श्री राधिका तामाङज्यू, गाउँपालिकाका उपाध्यक्षज्यू, सातै वडाका वडा अध्यक्षज्यू, कार्यपालिका सदस्य ज्यू, सभाको सम्पूर्ण सदस्य ज्यू, सभाका सचिवज्यू, विभिन्न विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी लगायत उपस्थित महानुभावहरु

संविधान सभाको निर्वाचन मार्फत नेपालको संविधान २०७२ जारी भई संविधानले व्यवस्था गरे अनुरूपको तिन तहको सरकार अन्तर्गत स्थानिय जनताहरुसँग जोडिएको स्थानिय सरकारको दोस्रो कार्यकालका लागि निर्वाचित भई हाल तेस्रो बर्षको १५ औं गाउँसमा अधिवेशनलाई सम्बोधन गर्ने अवसर प्राप्त गरेकोमा गर्बको महसुस भएको छ।

स्थानिय सरकारको नेतृत्व गरिरहँदा सदैब जनताको समस्या, गुनासो, चाहाना र भावना अनुरुप पाउनुपर्ने सेवा सुविधालाई चुस्त दुरुस्त पारी प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानिय जनताहरुको आवश्यकतालाई मध्येनजर गरी, आ.व ०८१/८२ को निति तथा कार्यक्रम मार्फत "कृषि, संस्कृति, पर्यटन र पूर्वाधारः सन्तुलित विकास दुप्चेश्वरको आधार " भन्ने मुल नारालाई आत्मासाथ गरी हाम्रो दुप्चेश्वर निर्माण अभियानलाई पुरा गर्नका लागि हामी हरदम प्रयत्नरत छौं।

हामी अहिले आ.व. २०८१/०८२ को बार्षिक निति तथा कार्यक्रमलाई सम्बोधन गरिरहँदा तेस्रो वर्षमा सफल र सवल पालिका निर्माण गर्नका लागि अघिल्लो दुई बर्ष हाम्रो बजेट र विवेकले कार्य गरेका थियौं र बाँकी रहेका कार्यक्रमहरुलाई निरन्तरता दिई दिगो विकासका नवीन योजनाहरुलाई पुरा गरी आम दुप्चेश्वर बासी जनताले चाहाना र अपेक्षा गरे अनुरुपको सेवा प्रदान गरि सक्षम गाउँपालिका बनाउन हामी सदैव अग्रसर रहेका छौं।

हामिले अघिल्लो दुई वर्षमा पाएको ज्ञान, सिपको अधिकतम प्रयोग गरी नयाँ निति तथा कार्यक्रम प्रस्तुत गर्ने चरणमा रहेका छौं। आफ्नै प्रशासनीक भवनबाट सेवा सुविधा प्रदान गरी मानव विकास सुचाङ्कमा समेत पछाडी रहेको कठिन भौगोलिक अवस्था रहेको यस पालिकामा अवसर र चुनौति दुबै रहेका छन्।

स्थानिय सरकारले पुर्याउनुपर्ने सेवा सुविधाहरुलाई अधिकतम रुपमा, छिटो, सजिलो र प्रभावकारी ढङ्गबाट पुरा गर्न, पालिकाले कुनै कसर बाँकी राखेको छैन। कठिन भौगोलिक अबस्था तथा विभिन्न चुनौतीहरुलाई समाधान गर्नका लागि पालिका सफल रहेको छ। विशेषत गाउँपालिका र वडाहरुलाई प्रत्यक्ष जनतासँग जोड्नका लागि आवश्यक प्रमुख सडक मार्गहरुलाई १२ महिना चल्न सक्ने बनाउनका लागि हामी हरदम प्रयत्नरत छौं।

सभाका सदस्यहरु

दुइवटा ठुला खोलाहरुको किनारबाट जाने सडक मार्गहरुलाई सातै वडा कार्यालयहरु सम्म यातायातका साधन सजिलै जाने गरी सडकहरु विस्तार गरिएको छ। वडा नं १ को घ्याङफेदि खोला र वडा नं ६ स्थित दुप्चेश्वर महादेव मन्दिर ताँदी खोला भई जाने सडक त्यस्तै वडा नं ३ र ४ जोड्ने झगरे खोलामा पक्कि पुल निर्माण गर्नका लागि प्रदेश सरकारको सहयोगमा काम अघि बढेको छ।

आन्तरिक आए कम भएको यस पालिकामा संघ तथा प्रदेश सरकारको विशेष पहल तथा सहयोगमा विभिन्न विकास निर्माणका कामहरु पुरा भएका छन्। बर्षातको समयमा घट्न सक्ने विभिन्न प्राकृतिक प्रकोपलाई न्यूनिकरण गर्नका लागी सम्बद्ध सबै जिम्मेवार पक्षसँग सहकार्य गरी जनमुखी सेवा प्रदान गर्नका लागी हामी सदैव साथमा रहेका छौं। विषेशगरी कृषि र पर्यटन क्षेत्रलाई मध्येनजर गरी यहाँका जनताहरुलाई प्रत्यक्ष लाभ र रोजगारी सँग जोडेर जिवन स्तरमा सुधार ल्याउनका लागि आवश्यक नीति तथा कार्यक्रमद्वारा सम्बोधन गर्न हामी तत्पर रहेका छौं। विशेषत दुप्चेश्वर गाउँपालिकालाई चिनाउने प्रमुख धार्मिक स्थल पशुपतिनाथको पर्यायका रूपमा रहेको पवित्र दुप्चेश्वर महादेव मन्दिरलाई परिचित गराई आवश्यक संरचना निर्माण लगायतका कार्य गरि दुई बर्षको अन्तरालमा धेरै नै परिवर्तन गरि

पर्यटकको आकर्षण र धार्मिक सहिश्रुणता वृद्धि गरिएको छ। दुप्चेश्वर गाउँपालिका भित्र रहेका धार्मिक एवं पर्यटकिय स्थलहरुलाई विकास गर्नका लागि विभिन्न प्रयत्नहरु भईरहेका छन्। यस्ता पर्यटकिय स्थलहरु मध्ये वडा नं ३ मा पर्ने नाटाङडाडाँ, वडा नं ५ मा पर्ने रान्चे डाडाँ लगायतका स्थलहरुमा पालिकाले विभिन्न संरचना निर्माण पार्क निर्माण लगायत काम संचालन भईरहेका छन् र अन्य सबै स्थानको पहिचान कायम राख्नका लागि हामी प्रयत्नरत रहेका छौं। लोप हुदैं गइराखेको विभिन्न रैथाने बालीनाली, भाषा, कला संस्कृति, सामाग्री लगायतको संरक्षण सम्बर्द्धन गर्नका लागि विशेष पहल गरी हामी अघि बढेका छौं।

दुप्चेश्वर गाउँपालिकाले जनताको दैनिक जिवनसँग जोडिएका हरेक समस्या र क्रियाकलापहरुलाई पुरा गर्न हरबखत लागि परिरहेको छ, भौतिक पूर्वाधार निर्माण, कृषि संस्कृति, पर्यटन खानेपानी, विद्युत, स्वास्थ, शिक्षा, सुरक्षा, लगायत हरेक समस्या समाधानमा हामी यहाँहरुसामु सदैव साथमा रहेका छौं। यहाँको भुगोल, जनसंख्यालाई मध्येनजर गरी हामी जनप्रतिनिधिहरुको तर्फबाट दिन सकिने सेवा प्रवाहहरुलाई स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका नियम मापदण्ड र कानुनको अधिनमा रहि सबै प्रकारका शासकीय प्रबन्ध, सु-शासन, न्याय सम्पादन सेवा प्रवाह, विकास निर्माण, समावेशीकरण, भु तथा जलाधार संरक्षण, विपद व्यवस्थापन जस्ता क्षेत्रहरुमा यहाँका स्थानिय बासीहरुसँगको समन्वय र सहकार्यमा कार्य सम्पादन गर्नका लागि हामी प्रतिवद्ध छौं।

दुप्चेश्वर गाउँपालिका भित्र पर्ने ठूला पूर्वाधार निर्माणको कार्य, सडक, विद्युत, सिंचाई, खानेपानी लगायका विकास निर्माणका कार्यमा संघ र प्रदेशबाट न्यायोचित बजेट विनियोजन भएको छ। ***जिम्मेवार बनौं सबै पक्षः आर्थिक उन्नती हाम्रो लक्ष्य*** लाई पूरा गर्नका लागि हामीले सम्बद्ध सबै क्षेत्रको विकासका लागि विभिन्न हाम्रो नीति तथा कार्यक्रमलाई सफल बनाउन लागि पर्नु हुने विभिन्न निकाय संघ संस्थाहरुसँगको सहकार्यमा धेरै कामहरु शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, कृषि, पर्यटन, पूर्वाधार निर्माण लगायत कार्यहरु भएका छन्।

हामीले गरेका सबै प्रकारका कामहरुका बारेमा जनतासामु स्पष्ट पार्नका लागि जनतासँग ऐक्यबद्धता जनाई मौलिक हक अन्तर्गत पर्ने सूचनाको हकलाई समेत प्रभावकारी बनाएका छौं। सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत यस प्रकारका कामहरुको बारेमा जानकारी प्रदान गरी, यहाँ प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनैतिक दल, स्थानिय बुद्धिजिवी समाजसेबी, कर्मचारी, शिक्षक विद्यार्थी पत्रकार सुरक्षाकर्मी संघ संस्थाको प्रतिनिधि लगायत स्थानीयबासीको रोहबरमा यस्ता कार्यक्रमहरु निरन्तर भइराखेका छन्।

दुप्चेश्वर गाउँपालिका आफैमा प्राकृतिक सुन्दरताले भरिएको रमणिय स्थल लेक बेशी समथर तथा पहाडी भुगोलले विसम हावा पानीको एकै साथ अनुभव गर्न सकिन्छ। यहाँ हिमाल, पहाड र समथल भुगोलले, आपूर्वकता प्रदान गरेको छ।, यस स्थानका जातजाति, भाषा, धर्म, कलासंस्कृति, सिप, र क्षमताको उपयोग गरि यहाँका सुन्दर भौगोलिक समिक्षणले मनमोहक बनाउँदछ। तसर्थ यस क्षेत्रलाई पर्यटकिय रुपमा सम्भावनासँग जोडेर प्रचार-प्रसार संरक्षण र सम्बर्द्धन गर्न लागि लागि परेका छौं। हामी माझ रहेको उपलब्ध स्रोत साधनहरुको परिचालन गरि लक्ष हासिल गर्नका लागि नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग २०७४, अन्तर सहकारी वित्त व्यवस्थापन ऐन-२०७४ साथै संघीय तथा प्रदेश सरकारले जारी गरेका कानुन तथा मापदण्डहरु, स्थानिय तहहरुबाट बजेट तर्जुमा कार्यान्वयनको अबस्था तथा सथानिय सरकारलाई प्राप्त हुने विभिन्न अनुदान बजेट, त्यसबाट सिर्जित आर्थिक दायित्व एवं वडा समिति, स्रोत अनुमान समिति, योजना तर्जुमा समिति मार्फत प्राप्त हुने सल्लाह सुझाव तथा कार्यक्रमलाई सहभागिता मूलक योजना प्रक्रियाद्वारा प्राथमिकिकरण सहित प्राप्त योजनाहरुलाई आधारका रुपमा स्थापित गरि यस वर्षका लागि बृहत सहभागिता मूलक अबलम्बन गरी पालिकाले लिएको लक्ष पुरा गर्नका लागि यो निति तथा कार्यक्रम तयार भएको छ।

अब म चालु आ.व २०८०।०८१ को हाल सम्मको प्रगति संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**भौतिक पुर्वाधार विकास (सडक, खानेपानी, सिंचाई)का क्षेत्रमा भएका उपलब्धीहरु**

- ❖ ठेक्का प्रक्रिया मार्फत हुने विकास निर्माण सँग सम्बन्धित योजनाहरुको ठेक्का प्रक्रिया प्रथम त्रौमासिकमै सम्पन्न गरिएको छ।
- ❖ गाउँपालिका भित्र सम्पन्न भएको कालो पत्र तथा ढलानको गुणस्तर मापन गर्न सिभिल ल्याव मार्फत परिक्षण गर्ने कामको सुरुवात गरिएको छ।
- ❖ नियमित अनुगमन निरिक्षण गरी विकास निर्माणसँग सम्बन्धीत कामहरुलाई थप गुणस्तरिय बनाईएको छ।
- ❖ नाटाङ डाँडा पर्यटकिय पार्क निर्माण गरि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाईएको छ।
- ❖ घ्याङफेदि सि.सि.पु तालु फेदी सूर्यकुण्ड गोसाईकुण्ड पर्यटकिय पदमार्ग निर्माण सम्पन्न हुने क्रममा रहेको छ।
- ❖ गाउँपालिका भित्रको मुख्य सडकहरुको क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि बाटो हेरालु नियुक्ति गरिएको छ।
- ❖ फाल्गुण भित्र योजनाहरुको सम्झौता गरी जेष्ठ मसान्त भित्र भुक्तानी दिने व्यवस्था गरिएको छ।
- ❖ एक घर एक धारा शुद्ध खानेपानी कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र खानेपानी योजनाहरु समपन्न गरी शुद्ध खाने पानी वितरण गरिएको छ।
- ❖ गाउँपालिका भित्र रहेका कुल खेतियोग्य जमिनहरु मध्ये करिव २५% जमिनमा सिंचाई सुविधा पुगेको र बाकी खेति योग्य जमिनमा सिंचाई सुविधा पुर्याउनका लागी सबै वडाहरुमा विभिन्न सिंचाई योजनाहरु कार्यान्वयन चरणमा रहेको छ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य र लक्षित समुह) मा भएका उपलब्धीहरु**

- ❖ विद्यार्थीहरु भित्र रहेका अन्तर निहित प्रतिभाहरुको प्रस्फुटनका निम्ति शिक्षक विधार्थी र अभिभावक विचको अन्तर सम्बन्ध कायम गरी शैक्षिक जागरण कार्यक्रम सम्पन्न गरिएको।

- ❖ स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्री निर्माण गरी पठनपाठको सुरुवात गरिएको।
- ❖ मुख्य सडकसँग जोडिएका सामुदायिक विद्यालय आसपासमा अति आवश्यक बाहेक हर्न निषेध गरिएको।
- ❖ सामुदायिक विद्यालयहरुको स्तर मापन गरी परिक्षाबाट प्राप्त नतिजाको आधारमा उत्कृष्ट विद्यालयहरु छनौट गरी पुरष्कृत गरिएको।
- ❖ आर्थिक स्थिति न्यून रहेका दीर्घ रोगी तथा असहाय विरामीहरुको लागि राहत रकम उपलब्ध गराईएको।
- ❖ राउतवेशी स्वास्थ्य चौकीले अन्तराष्ट्रिय निक साईमन्ड अवार्ड प्राप्त गर्न सफल भएको छ।
- ❖ महिला स्वास्थ्य सेवाकाहरुलाई उकृष्ट सेवा गरे वापत प्रोत्साहन रकम उपलब्ध गराईएको छ।
- ❖ अस्पतालको पहुच भन्दा टाढा रहेका मोतिया विन्दुका विरामीहरुलाई निःशुल्क आखाँ शिविर संचालन गरि सल्यक्रिया गरीएको छ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएको उपलब्धीहरुः**

- ❖ निःशुल्क माटो तथा बाली परिक्षण शिविर संचालन गरी ३९६ नमुना परिक्षण गरी आबश्यक परामर्श सेवा प्रदान गरिएको छ।
- ❖ गाउँपालिका स्तरिय माटो तथा वाली र पशु अन्वेषण प्रयोगशालाको स्थापना गरी सेवा प्रवाह गरिएको।
- ❖ लोपउन्मुख प्रसिद्ध समुन्द्रफिनी धानको संरक्षण गर्न राष्ट्रिय आनुवांशिक केन्द्र (जिन बैंक) बाट संरक्षण संकेत नं लिई जगेर्ना गरिएको छ।
- ❖ बन जंगलमा खेर गईरहेको लालीगँरासको जुस बनाई सफल परिक्षण गरिएको छ।

- ❖ किसान सुचिकरण अभियान मार्फत २०२९ जना किसानहरुको लगत संकलन गरी किसान परिचय पत्र वितरण गर्ने चरणमा रहेको छ।
- ❖ अध्यक्षसँग किसान सवलिकरण कार्यक्रम मार्फत गाउँपालिका भित्रका किसानहरु मध्येबाट स्वयम् सेवक दियो किसान छनौट गरी परिचालन गर्ने चरणमा रहेको छ।
- ❖ उपाध्यक्षसँग पुष्प खेति कार्यक्रम मार्फत ३२ जना महिलाहरुका लागि पुष्प खेती तथा सजावट सम्बन्धी तालिम सम्पन्न गरि प्रविधि हस्तान्तरण गरीएको छ।
- ❖ मौरी पालन विकास कार्यक्रम मार्फत कृषक समुह/फर्महरुलाई मह उत्पादन तथा प्रशोधन सम्बन्धी प्रविधि हस्तान्तरण गरियको छ।
- ❖ खाद्यन्न बालीहरुको उन्नत जातको वीउ वितरण गरी उत्पादन वृद्गि गर्न प्रोत्साहन गरिएको।
- ❖ नस्ल सुधार तथा कृतिम गर्भाधान कार्यक्रम गरि पशुपन्छि दुध तथा मासुमा आत्मनिर्भरता उन्मुख रहेको छ।
- ❖ दुप्चेश्वर मन्दिर लगायत धार्मिक तथा पर्यटकिय क्षेत्र आसपासको सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण तथा सम्बर्द्धनका लागि नापी नक्साङ्कन र रेखाङ्कन कार्यको सुरुवात गरिएको छ।
- ❖ धार्मिक तथा पर्यटकिय स्थलहरुको QR Code मार्फत जानकारी प्राप्त गर्न सकिने प्रविधि लागु गरिएको छ।

## वन वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा भएको उपलब्धीहरुः

- ❖ स्थानीय तहमा विपद पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य सम्पन्न भएको छ। स्थानीय, प्रादेशिक, राष्ट्रिय संस्थाहरु सँगको बीचको सम्बन्ध, सहयोग र समन्वय कायम गरी विपद् सम्बन्धी कार्यहरु सम्पन्न भएको छ।
- ❖ मनसुनजन्य प्रकोप र त्यसले निम्त्याउन सक्ने क्षति न्युनिकरण गर्न सम्बन्धीत निकायहरुमा प्रस्ताव पेश गरिएको छ। बिशेष गरि जनताहरुको प्रतिनिधिका

रुपमा रहेको हाम्रो टिमले जनमुखी सेवा सुबिधाहरु र कामका बारेमा सदैब यहाँका जनताहरुसंग ऐक्यबद्धता जनाई जनताहरुको मौलिक हक अन्तर्गत पर्ने सूचनाको हकलाई समेत हामीले प्रभावकारी कार्यान्वयन गरेका छौं।

## सूशासन तथा संस्थागत विकास

- सूचना प्रविधिको प्रयोग गरी एकिकृत ई-हाजिरी प्रणाली मार्फत सम्पुर्ण कर्मचारीहरुको हाजिरी व्यवस्थित गरिएको छ साथै SuTRA, Revenue, Planning, MIS, IEMIS लगायतको अनलाईन प्रणालि लागु गरी E- Government को नीति अनुरुपको कार्य गरिएको छ।
- गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्र.प्र.अ र सम्पुर्ण विषयगत शाखासँग कार्य सम्पादन करार सम्झौता गरी चुस्त र दुरुस्त प्रशासनीक सेवा प्रभाव भईरहेको छ।
- स्थानिय तह संस्थागत स्वमुल्याङ्कन (LISA) र स्थानिय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) मा क्रमस ८० % र ७१ % अङ्क ल्याई कार्य सम्पादन मुल्याङ्कनमा उल्लेखनिय प्रगती गरेको छ।
- सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन तथा सहजीकरण गर्नका लागी हेल्प डेस्कलाई व्यवस्थित गरिएको छ साथै कार्यालय परिसरमा फ्रि वाईफाईको व्यवस्था, सहायता कक्ष, स्तनपान कक्षको व्यवस्थालाई व्यवस्थित गरिएको छ।

सभाका सदस्यहरु

सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत विगतका काम कर्तब्य र अधिकारहरु साथै हाम्रो कार्यकालमा भएको बिभिन्न क्षेत्रहरुसंग जोडिएको बिषय बस्तुहरुको बारेमा गाउँपालिकाभित्र प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनैतिक दलका प्रतिनिधी, स्थानीय बुद्धिजीबी, समाजशेवी, शिक्षक ,बिद्यार्थी तथा आम दुप्चेश्वर बासीहरुको रोहबरमा सार्बजानिक सुनुवाई कार्यक्रम सम्पन्न गरिसकेका छौं र आगामी दिनहरुमा पनि निरन्तरता दिने छौं।

स्थानीय तहको सरकार संचालन ऐन २०७४, अनुसार पदीय जिम्मेवारीलाई कुशल प्रतिनिधित्व गराउनका लागि राज्यले निर्दिष्ट गरेका विभिन्न मापदण्ड, नियम र कानुनको परिधि भित्र रही हुन सक्ने सबै प्रकारका कार्यहरु साशकीय प्रबन्ध सुशासनयुक्त प्रशासन बजेट तथा कार्यक्रम सेवा प्रवाह, न्याय सम्पादन, भौतिक पूर्वाधार, समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन साथै जनताहरुसंगको सहकार्य र समन्यनमा कार्य सम्पादन गर्नका लागि हामी प्रतिबद्ध रहेका छौं।

दुप्चेश्वर गाउँपालिकाको  हरेक वडाहरुमा गुणस्तरीय सडक, शिक्षा ,स्वास्थ्य, कृषि ,पर्यटन ,विद्युत ,खानेपानी तथा सरसफाई लगायत सबै प्रकारका सेवा सुविधाको प्रत्याभूति दिन हामी जनप्रतिनिधीहरूको उल्लेखनीय भूमिका रहन्छ, भौतिक निर्माणतर्फ दुप्चेश्वरको  समुन्द्रटार बजारमा  सडक ढलान कार्य भइरहेको छ। समुन्द्रटार-रामती घ्याङफेदी सडक कालोपत्रे हुने र स्तर उन्नतीको क्रममा रहेको छ। समुन्द्रटार देखि राउतबेसी-गोल्फु भञ्याङ सडक खण्डलाई स्तर उन्नतिका लागि सङ्घीय सरकारबाट विगतको तुलनामा न्यायोचित बजेट मार्फत बहुवर्षे कार्यक्रममा सम्बोधन गरिसकिएको छ र हाम्रो ध्यान अन्य सहायक सडक खण्डतर्फ केन्द्रित रहेको जानकारी गराउन चाहन्छौं।

*"हाम्रो गाउँ हामी बनाउँछौं"* कार्यक्रम अन्तर्गत प्रत्येक वडामा श्रम सप्ताह कार्यक्रम सन्चालन गरि सबै व्यक्तित्वहरूको प्रत्यक्ष उपस्थितिमा विभिन्न सामाजिक कामहरु सम्पन्न भएका छन् उदाहरण हामी माझ ताजै छ। यसलाई अझै प्रभावकारी रुपमा निरन्तरता दिइनेछ।

जनताको जन जीवनसँग प्रत्यक्ष जोडिएका राहत पुग्ने कार्यक्रम र क्षेत्रहरुमा सरकारी तथा गैरसरकारी संघसंस्था समुदाय सङ्घको साझेदारीमा धेरै कामहरु अगाडि बढेको छ। शान्ति, सुरक्षा, रोजगारी, सामाजिक सुरक्षा ,सेवा प्रवाह ,सामाजिक विकास ,आर्थिक विकासका साथै मानव संशाधनको क्षमता विकासमा प्राथमिकता दिई स्थानीय

सरकारको संयन्त्रबाट हुने सेवा प्रवाहलाई समावेशी, व्यवसायिक, पारदर्शी र सेवामुखी बनाउन हामी प्रतिबद्ध रहने छौं।

बिरामीहरूको तत्काल उपचार गर्नका लागि छिटो सेवा सञ्चालन गर्न पालिकाको आफ्नै एम्बुलेन्स प्रयोगमा ल्याएका छौं ।सम्पूर्ण विद्यालयका शिक्षक र विद्यार्थीहरु बिचमा आन्तरिक प्रतिस्पर्धा गराई क्षमता विकासमा र गुणस्तरीय शिक्षा प्रदान गर्न महत्वपूर्ण कार्यको थालनी गरिएको छ। दुप्चेश्वर गाउँपालिकाको भौगोलिक स्थिति र वातावरण अनुरुपको पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरुवात गरिसकिएको छ।

*कृषि, संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास* हाम्रो प्राथमिकताको आधार रहनेछ। प्राकृतिकरुपमा नै धनी यस गाउँपालिकामा प्रशस्तै पर्यटकीय स्थलहरू रहेका छन् प्रत्येक वडामा एउटा पर्यटकीय स्थान छनौट गरी पर्यटन व्यवसायलाई प्रमुख व्यवसायका रुपमा परिचित गराउने कार्यक्रमतर्फ हामी अगाडी बढी रहेका छौं।

उपलब्ध स्रोतसाधनको भरपूर परिचालन गरी आफ्नो निर्धारित लक्ष्य प्राप्तिका लागि नेपालको संविधान २०७२ ,स्थानीय सरकार संचालन ऐन २०७४, ले निर्दिष्ट गरेका प्रक्रिया राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग २०७४ अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु स्थानिय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, संघीय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना चालु तथा विगतका वर्षहरुमा गाउँकार्यपालिकाद्वारा विनियोजित योजना र कार्यक्रम तथा कार्यान्वयनको वर्तमान अवस्था गाउँपालिकालाई प्राप्त विभिन्न अनुदान र त्यसबाट सिर्जित आर्थिक  दायित्व एवं वडा समितिबाट बजेट समिति तर्जुमा हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकिकरण सहित प्राप्त योजना आदिलाई आधारका रुपमा स्थापित गरी बृहत सहभागिता मूलक सिद्धान्त अवलम्बन  गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

सभामा उपस्थित सम्पूर्ण गाउसभाका सदस्यहरु,

अब म क्षेत्रगत रुपमा तयार पारिएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# १. आर्थिक विकास क्षेत्र

## ❖ कृषि तथा पशुपालन

*"स्थानीय सरकारको लगानी किसानको आय*
*कृषि र पशुपालन सफल व्यवसाय "*

१. कृषि र पशुपालन क्षेत्रको विकासका लागि व्यावसायिक कृषि र पशुपालन कार्यक्रम लागु गर्ने नीति लिईने छ ।

२. स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न एक बार हाट बजार सञ्चालन गरिने छ।

३. दुप्चेश्वर गाउँपालिकको सबै वडाहरुको भौगोलिक स्थिति अध्ययन गरि स्थानीय कृषि उत्पादन क्यालेन्डर बनाई किसानहरुको चासो र गुनासोलाई कृषकको खेतबारीमा नै पुगेर सल्लाह सुझाव दिने कार्यका लागि कृषि प्राविधिक परिचालन गर्दै नमुना रोल मोडेल कृषकहरु तयार गर्न ***"दुप्चेश्वर गाउँपालिकाका अध्यक्षसँग किसान सवलिकरण कार्यक्रम" लाई*** निरन्तरता दिईने छ ।

४. स्थानिय स्तरमा नै नि:शुल्क माटो परिक्षण तथा वाली रोग विज्ञान प्रयोगशाला संचालनलाई निरन्तरता दिईने छ।

५. दुप्चेश्वर गाउँपालिकाको भौगोलिक अवस्था, सिंचाई क्षेत्र आदिको सम्भाव्यता अध्ययन गरि दुप्चेश्वर गाउँपालिकाको कृषि विकास रणनीति तयार गरिनेछ।

६. स्थानीय स्तरमा उत्पादित बस्तुहरुको खरिद भण्डारण र वितरण गर्न आवश्यक नीति र किसानहरुलाई बिशेष अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।

७. स्थानीय उत्पादनहरुलाई बजारिकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालन गरिनेछ।

८. रैथाने वाली विरुवाको संरक्षण गर्दै उत्पादन तथा उपादकत्व वृद्धि गर्न जोड दिंदै पालिका स्तरिय ***समुन्द्रफिनी, कालोकाठे कृष्णबेली धान तथा घ्यू आलु लगायत रैथाने विउलाई संरक्षण*** गरिने छ।

९. स्थानीय बालीहरुको प्रचार प्रसार गर्न बाली उत्पादन हुने क्षेत्रहरुमा विभिन्न दिवस तथा महोत्सव कार्यक्रम अन्तर्गत असार १५ धान दिवस र साउन १५ कोदो दिवस मनाउन सुरुवात गरिने छ।

१०. गाउँपालिका भित्र उत्पादित स्थानीय उत्पादनहरु (फलफुल तथा जडीबुटि) लगायत उत्पादनहरुलाई स्थानीय वजार तथा दुप्चेश्वर मन्दिरमा कोसेलीका रुपमा ब्राण्डिङ गरि बिक्री वितरण गर्ने व्यवस्था मिलाइने छ ।

११. किसानका खेतबारीमा प्रयोग हुँदै आएको रासायनिक मल र किटनासक विषाधीको प्रयोगलाई कम गर्दै प्रांगारिक मल, जैविक विषाधीलाई प्रयोग गर्न प्रोत्साहन गरिनुका साथै बालीनाली तथा पशुपन्छीको लागि पोष्टिक आहार प्राप्त हुने एजोला खेतीको सुरुवात गरिनेछ ।

१२. ***"एक वडा एक कृषि पकेट क्षेत्र घोषणा "*** गरि व्यवसायिक उन्नत वाली र नगदे वालीमा कृषकको आकर्षण बृद्धि गराउने कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

१३. युवापुस्ताहरुलाई कृषि र पशुपालन क्षेत्रमा आकर्षित गराउने खालका कार्यक्रम कार्यान्वयनमा ल्याई व्यावसायिक कृषि तथा पशुपालन फर्मलाई उत्पादनका आधारमा अनुदान प्रदान गर्ने नीति लिईने छ ।

१४. ***"पशुपालनमा उन्नत नस्ल सुधार सरकारको लक्ष, दुध तथा मासुमा आत्मनिर्भर सवल पक्ष "*** कार्यक्रम मार्फत उत्पादनमा बृद्धि गर्दै दुध तथा मासुमा आत्मनिर्भर हुने नीति अवलम्वन गरिने छ ।

१५. पशुपन्छीमा देखिने विभिन्न प्रकारका रोगहरुको पहिचान गरि नियन्त्रणका लागि आवश्यक औषधि र खोपको व्यवस्थापन, भण्डारण र रोगका बारेमा जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।

१६. कृषि तथा भेटेरिनरी शाखाका प्राविधिकहरुलाई किसानका गुनासो सुनुवाई कार्यक्रम सञ्चालन गराई किसानका समस्या समाधान गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।

१७. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिदैं पालिकाभित्रका सबै किसानहरुको पहिचान गरी परिचय पत्र वितरण गरिने छ ।

१८. कृषि क्षेत्रको विकासका लागि प्राथमिकता दिइ व्यवसायिक आधुनिकिकरण, यान्त्रिकरण र बजारीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा कृषि औजार र यान्त्रिक उपकरण उपलव्ध गराउने नीति लिइने छ ।

१९. गरिव, दलित, एकल महिला, अल्पसंख्यक वर्गको पहिचान गरि कृषि र पशुपालन क्षेत्रमा बिशेष अनुदानको कार्यक्रमहरु संचालन गरिने छ ।

२०. कृषि पेशालाई आधुनिकिकरण बनाई उत्पादन र उत्पादकत्व वृद्दिको लागि आधुनिक कृषि यन्त्रहरुको मर्मत संम्भारका लागि स्थानीय युवाहरुको लागि यान्त्रिकरण मर्मत तालिम संचालन गरिने छ।

२१. पशु पन्छीमा देखिएको पोषण समस्यालाई समाधान गर्न पशु पोषण कार्यक्रम संचालन गरिने छ।

२२. घरेलु एकिकृत कृषि प्रवर्द्धन गर्न करेसा खेतीको निम्ति सिप अनुदानको व्यवस्था गरिने छ।

२३. व्यवहारिक शिक्षा प्रवद्धन गर्नका लागि विद्यालय करेसा बारी तथा विद्यालय ईन्टर्न साझेदारी कार्यक्रम संचालन गरिने छ।

२४. उच्च मुल्य बस्तु उत्पादन प्रोत्साहन कार्यक्रम संचालन गरी तरकारी,फलफुल, पुष्प, मह उत्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिने छ।

२५. किसानहरुको अध्ययन प्रोत्साहनका लागि कृषि पाठशालामा सैद्धान्तिक तथा व्यवहारिक अध्ययन वृत्ति कार्यक्रम संचालन गरिने छ।

२६. दुप्चेश्वर गाउँपालिकामा उत्पादन हुने उत्पादनहरुको सहज रुपमा विक्रि वितरण र बजारीकरण गर्न आवश्यक प्रवन्ध मिलाईने छ।

२७. पशुजन्य उत्पादन र उत्पादकत्व बृद्दिका लागि आत्मनिर्भर हुन समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम प्रभावकारी ढङ्गबाट कार्यान्वयनमा संचालन गरिने छ।

२८. पशुपन्छिमा देखा पर्ने रोगहरुको अन्वेषण तथा न्युनिकरणका लागि स्थानीय स्तरमा सेवा प्रदान गर्नका लागि आधारभुत प्रयोगशाला संचालन गरिने छ। साथै आवश्यक खोप र औषधि खरिद गरी भण्डारणको व्यवस्था मिलाईने छ।

२९. सहज सुलभ र प्रभावकारी सेवा पुर्याउनका लागि एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिईने छ।

३०. पशु पंछीको कृतिम गर्भाधान मार्फत नस्ल सुधार कार्यक्रम गर्दै विमा कार्यक्रम संचालन गरिने छ।

३१. ***" कृषि र पर्यटनमा लागी परौं चौरी र भेडाको संरक्षण गरौं "*** भन्ने मुल नाराका साथ उच्च पहाडी तथा हिमाली भेगमा रहेको चरन खर्कहरुलाई सुधार गर्ने नीति लिईने छ।

## ❖ लघु उद्यम विकास

१. स्थानीय श्रोत साधनमा आधारित सिप र प्रविधि प्रयोगबाट संचालनमा रहेका विभिन्न घरेलु उद्योगहरुलाई अनुदान प्रोत्साहन गरिने छ।

२. स्थानीय स्तरमा रहेको कोदोको लोकल रक्सिलाई दुप्चेश्वरको ब्रान्ड बनाई वजारीकरण गर्नका लागि पूर्व प्रारम्भिक अध्ययन पुरा भई कार्यान्वयन तर्फ रहेकाले निरन्तरता दिइने छ।

३. ५ जना देखि माथिको रोजगार प्रदान गर्ने उद्योग स्थापना गर्दा उद्योग दर्ताको शुल्क मिनाहा गरिने छ।

## ❖ कला, संस्कृती तथा पर्यटन

१. पर्यटकिय क्षेत्रहरुको प्रचार प्रसार गरी आन्तरिक आय वृद्दि गर्नका लागि ***कला संस्कृती पर्यटन क्षेत्रको सान अवलोकनका लागी जाउँ दुप्चेश्वर अभियान*** कार्यक्रम संचालन गरिने छ।

२. पशुपतिनाथको पर्यायको रुपमा परिचित पवित्र दुप्चेश्वर महादेव मन्दिरलाई अझै प्रचार प्रसार गरी धार्मिक पर्यटनको विकासको लागि आवश्यक संरचना निर्माण लगायत सन्ध्या आरतीको सुरुवात गरिने छ। दुप्चेश्वर महादेव मन्दिर परिसरमा निर्माणाधिन कोसेली घरलाई यसै आ.व मा सम्पन्न गरी संचालनमा ल्याईने छ।साथै दुप्चेश्वर महादेव मन्दिरमा दैनिक जम्मा हुने भेटिलाई पारदर्शिता कायम गरि व्यवस्थित गरिने छ।

३. एक वडा एक पर्यटकिय क्षेत्र घोषणा अभियान अन्तर्गत दुप्चेश्वर १ को मुन्थला ,२ को कडेनी कुटुमसाङ, ३ को नाटाङ, ४ को गोल्फु भङ्याङ, ५ को ङार तथा रान्चे डाँडा ,६ को दुप्चेश्वर मन्दिर , ७ को शिखरवेशी सागरकुण्डमा पर्यटन प्रर्वद्धन गर्न आवश्यकता अनुरुप गुरुयोजना निर्माण गर्ने नीति अनुरुप वडा नं ३ को नाटाङ डाडाँमा पर्यटकिय पार्क निर्माणको काम अन्तिम चरणमा पुगेको छ।साथै अन्य स्थानहरुमा क्रमस पार्कहरु निर्माण गर्दै जाने लक्ष लिईएको छ।

४. दुप्चेश्वर १ कसेरी तालु फेदी हुदै सुर्यकुण्ड गोसाईकुण्ड जाने छोटो र पर्यटकीय पदमार्ग अन्तर्गत सुर्य कुण्ड सम्म पदमार्ग सम्पन्न भएको र गोसाईकुण्ड सम्मको यात्रा सहज बनाउन पदमार्गको थप स्तरोन्नती र विश्राम स्थल धारा लगाएतका संरचनाहरुको निर्माण कार्य अगाडि बढाईने छ।

५. पालिका भित्र भएका पर्यटकीय स्थानहरुमा आन्तरिक तथा वाह्य पर्यटकहरुको सहजताका लागि होमस्टे, पदमार्ग , खानेपानी ,बिश्राम स्थल लगायत अन्य संरचनाहरुको निर्माण र जगेर्ना गर्ने नीति ल्याइने छ ।

६. दुप्चेश्वर गाउँपालिका भित्र रहेका पुराना गुम्वा मन्दिर छोर्तेन लगाएतका धार्मिक तथा सास्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्दन गर्नका लागी आबश्यक निर्माण तथा स्तरोन्नतिको कार्य अगाडि बढाईने छ।

७. कुटुम्साङ रचली लेङ छ्योहन पहाड हुदै मुलथला पहाडमा रक क्लाईम्ब तथा प्यारागलाईडिङ क्षेत्रको सम्भाव्यता अध्ययन गरिने छ।

८. बोलगाउँ हुदै ज्याङज्यूव छ्योर्तेन थिङ डार कडेनी हुदै याङरी दुप्चे मे स्यावा युल्दी भञ्जयाङ हुदै मुल्थाला ठाडेपाटी सम्म पदमार्ग निर्माण गरि पर्यटन क्षेत्रलाई थप उचाईमा पुर्याउने नीति लिईने छ।

९. रान्चे डाडाँ माने भञ्जयाङ कालो भञ्जयाङ गोल्फुभञ्जयाङ कुटुम्साङ माङ्गेन गोठ ठाडेपाटि पर्यटकिय पदमार्ग निर्माण गरि पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने लक्ष लिइयको छ।

१०. गाउँपालिका भित्र रहेका विभिन्न भेष भुषा तथा संस्कृतीको बैज्ञानिक अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण संवर्द्धन र बिकास गरिने छ ।

११. पर्यटनलाई संस्कृतीसँग आवद्धता गर्दै संस्कृती पर्यटनलाई जोड दिईने छ।स्थानिय रुपमा होमस्टे सँचालनको कानुन तर्जुमा गरी होमस्टेहरुमा स्थानिय कला तथा संस्कृति झल्किने कुराहरुको बिकास गरिने छ साथै होमस्टेहरुमा सँस्कृती प्रर्बद्धन सम्बन्धी कार्यक्रहरु सञ्चालन गर्नलाई अभिप्रेरीत गरिनेछ ।

१२. दुप्चेश्वर जात्रा लगायत अन्य विभिन्न प्रकारका जात्राहरुलाई संरक्षण र प्रचारप्रसार गरी स्थानिय संस्कृतिको बिकास गरिने छ ।साथै उक्त कार्यका लागी दुप्चेश्वर क्षेत्र विकास कोष सँग साझेदारी वृद्धी गरिने छ ।

१३. पर्यटकहरुको लागि सूचना आदन प्रदान गर्नका लागि पर्यटकिय सूचना केन्द्रको स्थापना गरी पर्यटकिय क्षेत्रहरुको QR सहितको डिजिटल प्रविधि प्रयोग सूचना प्रदान गरिने छ। साथै धार्मिक तथा पर्यटकिय स्थलहरुको पदमार्ग विवरण गुगल म्यापमा समावेश गरिने छ।

१४. दुप्चेश्वर गाउँपालिकाको गौरवको परियोजना अन्तर्गत चालिसे बगरमा चालिसे बगर बहुउद्देशिय मिनि रङ्गशाला तथा शहिद पार्कको डि.पि.आर पुरा भई यसै आ.वमा निर्माण कार्य सूरुवात गरिने छ।

## ❖ भूमी व्यवस्था तथा सहकारी

१. प्रत्येक वडाहरुमा रहेका सहकारी संस्थाहरुलाई नवीकरण गरी थप जिम्मेवार बनाउदै विभिन्न समुह संञ्जाल कृषि फर्म लगाएत सामुहिक खेति तथा व्यवसायलाई सहकारी मार्फत उत्पादनमा वृद्धि गर्न पहल गरिने छ।

## ❖ न्यायिक क्षेत्र

१. गाउँ पालिका भित्र घट्ने न्यायिक समितिसँग सम्बन्धी घटनाहरुको पहिचान गरि न्यायिक समितिका बारेमा सचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ।
२. समाजमा विद्यमान विभिन्न कुरितिहरुको अन्त्यका लागी सचेतना मुलक कार्यक्रम संचालन गरिने छ।
३. वडाहरुमा रहेका मेलमिलाप सेवा केन्द्रहरुलाई प्रभावकारी बनाई वडामा नै विवाद समाधान गर्न न्यायिक समिति कार्य क्षेत्र अनुसार विवाद समाधान गर्ने नीति लिईने छ।
४. ***विवादको साटो, मेलमिलापको बाटो*** भन्ने मान्यता अनुरुप मेलमिलाप सेवा केन्द्र तथा सामुदायिक केन्द्रहरुबाट मिल्न नसेकेका विवादहरुलाई बन्द र खुला ईजलास निर्माण गरि न्यायिक समिति मार्फत विवाद समाधान तथा मेलमिलाप गराउने व्यवस्था गरिने छ।
५. न्यायिक समितिका पदाधिकारीहरु तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।
६. पालिकामा कार्यक्षेत्र बनाई कार्यरत विभिन्न संघ संस्था, समूह लगायतको सहकार्यमा विभिन्न कार्यक्रमहरु मार्फत सचेतना कार्यक्रमहरु तय गरिनेछ।

## ❖ श्रम तथा रोजगार

***"श्रमको सम्मान राष्ट्रको अभियान"***

१. आ.व २०८१/०८२ मा उत्पादन मुलक क्षेत्रमा रोजगारी प्रदान गर्न गाउँपालिकामा आन्तरिक रोजगारीको सृजनामा जोड दिनुको साथै निजी, सहकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।

२. स्थानीय तहको ५ बर्षे रोजगार रणनीतिलाई प्रभावकारी रुपमा अवलम्बन गर्नको लागी आवश्यक स्रोत साधनको पहिचान गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्केका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन (पार्श्वचित्र) बनाई, वैदेशिक रोजगारीबाट फर्केका परिवारलाई वित्तिय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

४. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनेको लागी वैदेशिक रोजगारी सम्बन्धि आवश्यक सचेतना मूलक कार्यक्रम र श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीमा लिन सहजिकरण गरिनेछ । साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने विदेशमा अलपत्र परेका कामदारहरूको उद्धार तथा खोजतलास सेवा, औषधी उपचार सहयोग, छात्तवृत्ति सहायता बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायतामा रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ ।

५. वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक, पुनः एकीकरण र स्वरोजगारका लागी उध्यमशिलता विकास तथा व्यवसायिक योजना निर्माण गरि श्रम र रोजगार सम्बन्धी कार्यक्रम संचालन गरिने छ।

६. स्थानीय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ती गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई काममा लगाउने प्रबन्ध मिलाइनेछ ।

७. आ.व २०८१/०८२ को लागि यस पालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ र संघिय सरकारबाट

प्राप्त अनुदानले रोजगारी सृजना गरिने र गाउँपालिकाबाट पनि बजेट विनियोजन गरी थप सुचिकृत बेरोजगारलाई रोजगारी दिईनेछ।

८. आ.व २०८१/०८२ मा सम्पुर्ण वडाहरुसँग योजनाहरुको साझेदारी गरी उक्त योजनाहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वय गरिनेछ ।

९. बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ कार्यान्वयन गरिनेछ ।

## २.सामाजिक विकास

### ❖ शिक्षा युवा तथा खेलकुद

*"नयाँ प्रविधियुक्त गुणस्तरिय शिक्षा प्रभावकारी कार्यान्वयन गाउँपालिकाको ईच्छा "*

१. गाउँ शिक्षा योजना निर्माण गरि अल्पकालिन तथा दिर्घकालिन योजना निर्माण गरि सोहि बमोजिम कार्यान्वयनमा विशेष जोड दिईनेछ।

२. ***शिक्षासँग श्रम कार्यक्रम*** संचालन गरि होम ग्रोन उत्पादनमा जोड दिईने छ साथै विद्यालयको वातावरण स्वच्छ, सुन्दर र हराभरा पार्न फुलबारी कार्यक्रम संचालन गरिनेछ।

३. शैक्षिक गुणस्तर बढाउनका लागि ***शिक्षक विद्यार्थी र अभिभावको एकता: गुणस्तरीय र प्रभावकारी शिक्षा हाम्रो प्रतिवद्दता*** कार्यान्वयनका लागी आवश्यक सम्मान तथा प्रोत्साहन कार्यक्रम संचालन गरिने छ।

४. दुप्चेश्वर गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थि लागि अतिरिक्त क्रियाकलाप संचालन गरि विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन कार्यलाई जोड दिईनेछ।

५. ***शिक्षक विद्यार्थी अभिभावकको एउटै स्वर: ग्लोवल मार्केटमा हाम्रो दुप्चेश्वर*** मुल नाराका साथ सामुदायिक विद्यालयलाई सूचना प्रविधि मैत्री बनाई शिक्षण सिकाईमा यसको सघन प्रयोग मार्फत विद्यार्थीलाई प्रविधि प्रति जागरुक बनाउन सामुदायिक विद्यालयमा ईन्टरनेट स्मार्ट बोर्ड तथा डिजीटल सिकाई सामाग्रीको पहुचको विस्तार र आवश्यक प्राविधिक सहयोग उपलब्ध गरिने छ।

६. दिवा खाजा तथा विद्यालय अनुगमनका लागी अभिभावकबाट समिति गठन गरी आलो पालो तरिकाले विद्यालय निरिक्षणको व्यवस्था मिलाईने छ र सक्रिय अभिभावक छनोट गरि पुरस्कारको व्यवस्था गरिने छ।

७. *खेलकुदमा उत्कृष्टता हाम्रो सानः खेलको माध्यमबाट दुप्चेश्वर चिनाउ अभियान* मुल नाराका साथ पालिका जिल्ला र प्रदेश स्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा गाउँपालिका भित्रका युवाहरुलाई खेलकुद क्षेत्रमा क्रियासिल गराउन विविध खेलकुद कार्यक्रमको आयोजना गरि खेलकुदमा सहभागिताको लागी अभिमुख गरिने छ।

८. माध्यमिक विद्यालयमा रेडक्रस/स्काउट संस्थाको गठन गरि अनुशासन र स्वयम् सेवकको भावनाको विकास गरिने छ।

९. Quality focused cluster (leader school) निर्माण गरी अन्य विद्यालयहरुलाई सोही दिशामा उन्मुख गराउने नीति लिईनेछ।

१०. विद्यालयहरुमा कक्षा ८ र SEE परिक्षामा न्युनतम स्तरीकृत अङ्क १.६ र NG उन्मुलन गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ।

११. युवा लक्षित युवा जागरुक अभियान र शैक्षिक जागरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ।

१२. सामुदायिक विद्यालयको शिक्षकहरुको क्षमता अभिवृद्दि र शिक्षण सिकाईमा भईरहेको नव प्रवर्दनलाई व्यवहारमा उपयोग गर्नका लागी बागमती प्रदेश सरकार, गै.स.स सँगको साझेदारीमा कार्य सम्पादन र नतिजामा आधारित भई विषयगत तालिमको व्यवस्था गरिनेछ।

१३. विद्यार्थिहरुमा अन्तरनिहित प्रतिभाको प्रस्फुटनको लागि विद्यार्थी कला प्रदर्शनी बाल प्रतिभा सप्ताह आयोजना गरि प्रतिभाको विकास सम्मान र प्रोत्साहन गरिने छ।

१४. विद्यालय निरिक्षण अनुगमन कार्यलाई तिव्रता दिईनेछ।

१५. विद्यालयहरुको शैक्षिक गतिविधीलाई नियन्त्रण र निर्देशन गर्न सूचना प्रविधीको प्रयोग गरिने छ ।एकिकृत अनुगमन प्रणालीलाई कार्यान्वयन गरिनेछ ।

१६. सरकारी सेवामा युवाहरुको आकर्षण वृद्धी गर्नका लागी लोकसेवा तयारी शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिने छ।

१७. युवा जागरुक अभियान सञ्चालन गरिने छ ।

१८. हेलो अभिभावक कार्यक्रम सञ्चालन गरी बिद्यार्थिको सिकाई र शिक्षकहरुको शिक्षण प्रक्रियामा अभिभावकलाई प्रत्यक्ष रुपमा जोडिनेछ।

१९. प्रत्येक शुक्रबारलाई बुक होलिडेको रुपमा बिकास गरी विद्यार्थिहरुको ज्ञान सिप र क्षमता अभिवृद्दिमा सहयोग पुर्याउने अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।

२०. बिद्यालयमा शैक्षिक गुणस्तर कायम गरी जनशक्ति व्यवस्थापनका लागी डी ग्रेड अपग्रेड र मर्जको प्रक्रियालाई निरन्तरता दिईने छ।

२१. गाउँपालिकामा शिक्षण सिकाई प्रयोगात्मक अभ्यासलाई प्रभावकारी बनाउन **घ्याङफेदी माध्यमिक विद्यालय**मा विज्ञान आविष्कार केन्द्र र गणित प्रयोगशाला संचालनमा ल्याईने छ।

## ❖ स्वास्थ्य

*"सुलभ स्वास्थ्य नागरिकलाई टेवा: गाउँ घरमा नि:शुल्क स्वास्थ्य सेवा"*

१. आवश्यक भौतिक पुर्वाधार, औजार उपकरण तथा दक्ष जनशक्ति सहितको १५ शैयाको अस्पताल स्थापनाको लागी यथोचित समन्वय र पहल गरिनेछ ।

२. बहुक्षेत्रीय पोषणसँग सम्बन्धित सबै सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरु बीच समन्वय गरि एकिकृत कार्यक्रम संचालन गरिने छ । साथै दुप्चेश्वर गाउँपालिकालाई पोषण मैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यलाई निरन्तरता दिईनेछ ।

३. संस्थागत सुत्केरीको दर बढाउने उद्देश्यको साथ संचालामा रहेको पुर्ण संस्थागत सुत्केरी युक्त गाउँपालिका बनाउने अभियानलाई थप प्रभावकारी बनाउन आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संथामा प्रसुति भए पश्चात सुत्केरीलाई गाउँपालिकाको तर्फवाट उपलब्ध गराईने यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

४. गर्भवती महिला को पोषण अबस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित बृद्धि बिकासमा मद्दत पुर्याउने हेतुले संचालन गरिएको गर्भवती महिलाको घरमा झण्डा र हातमा अण्डा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिकाको भौगोलिक बिकटता तथा सेवाग्राहिको आर्थिक अबस्थालाई ध्यानमा राखि प्रसुती सम्बन्धी जटिलताको कारण प्रेषण गर्नु पर्ने सुत्केरी महिला लाई निशुल्क एम्बुलेन्स सेवा कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

६. मातृ तथा नव शिशु स्वास्थ्यमा सुधार गर्न सुरुवात गरीएको ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम लाई सवै वडाहरुमा नियमित रुपमा संचालन गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

७. सुत्केरी पश्चात् आमा र बच्चामा देखिन सक्ने समस्या र खतराका लक्षणहरु लाई न्युनिकरण गर्न Post Natal Care (PNC) लाई मापदण्ड अनुसार ४ पटक नै पुर्ण रुपमा सुत्केरी जाँच गर्न सुत्केरी भएको २४ घण्टा, तेस्रो दिन, सातौं दिनमा र बयालिसौ दिनमा सम्बन्धित वडाको स्वास्थ्यकर्मी मार्फत सुत्केरी महिलाको घर मै गएर आमा र वच्चाको स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

८. नियमित औषधी सेवन गर्ने दिर्घ रोगी तथा जेष्ठ नागरीकहरुको स्वास्थ्य लाई नियमित परिक्षण, आवश्यक मनोपरामर्श तथा उपचार गर्न जेष्ठ नागरीक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

९. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी र जनताको पहुँच र आवद्धता दर वढाउन जनताको घरघरमा नै स्वास्थ्य विमा कर्मचारी जनशक्ति परिचालन गरी तथा स्वास्थ्य विमा दर्ता शिविर संचालन विमा गरेवापत नागरिकले

तिर्नुपर्ने प्रिमियममा समेत केहि प्रतिशत गाउँपालिका वाट व्यहोर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

१०. पुर्ण खोप युक्त गाउँपालिका सुनिश्चितता गर्न घरधुरी सर्वेक्षण र प्रमाणिकरणको लागि आवश्यक क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ तथा उपलब्ध जनसक्ति, भौतिक पूर्वाधार आदि को आधारमा स्वास्थ्य संस्थाहरुमा क्रमसः किशोर किसोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा विस्तार गरिने छ ।

## ❖ खानेपानी तथा सरसफाई

१. दुप्चेश्वर गाउँपालिका भरी एक घर एक धाराको मान्यता अनुरुप संघ प्रदेश र स्थानिय तह एवं स्थानिय उपभोक्ताहरुको सक्रिय सहभागितामा खानेपानीको उपलब्धतालाई बिकास गरिनेछ । ३ बर्षमा सबै घरघरमा खानेपानीको पर्याप्त उपलब्धता गराईनेछ ।

२. खानेपानीको सम्बन्धमा विनियोजित बजेटलाई उच्च सहभागीतामा कार्यान्वयन गरिनेछ ।

३. खानेपानीको मुहान संरक्षण तथा शुद्ध खानेपानीको लागि जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।

४. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई खानेपानी आयोजना निर्माण तर्फ केन्द्रित गरी खानेपानीको समस्या समाधान गरिने छ।

## ❖ महिला बालबालिका तथा सामाजिक संरक्षण

१. समाजका सम्पुर्ण नागरिकको भलाई र उन्नतिको लागी ***स्थानिय नागरिकको जीवन स्तरमा सहयोग र हितः पहिलो प्राथमिकतामा महिला, वालवालिका तथा जेष्ठ नागरिक*** का लागी आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

२. ***जीवन स्तर र पठनपाठनमा वृद्दि उपाध्यक्ष छोरी समृद्धि*** कोषको स्थापना गरि बार्षिक रुपमा गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा जन्मेका सम्पुर्ण छोरीहरुको नाममा १० बर्षसम्म बैंकमा मुद्दति खाता संचालन गरी बार्षिक बचत गाउँपालिका मार्फत जम्मा गरिनेछ जसले सम्पुर्ण छोरीहरुको पठन-पाठन तथा शैक्षिक उन्नतीको लागी सहयोग पुर्याउने नीतिको सुरुवात गरिने छ।

३. लैङ्गिक विभेदको अन्त्य गर्दै दलित जनजाति अल्पसङ्ख्यक समुदायहरुको सबै प्रकारका विकासका लागि समान सहभागिता गर्नका लागि लक्षित कार्यक्रमहरु संचालन गरिने छ।

४. समाजमा रहेका असक्त फरक क्षमता भएका नागरिकहरुको जिवन स्तर उकास्नका लागि गाउँ पालिकाबाट प्रदान हुने सेवा सुविधाहरुलाई छिटो सजिलो र भरपर्दो बाटो अपनाउने व्यवस्था मिलाईने छ।

५. गाउँपालिका भित्र रहेका बाल क्लव महिला समुह/ सञ्जालह लगायतका समुहहरुलाई समाजमा रहेका अन्याय अत्याचार कुरिति हिंसा बहुविवाह वालविवाह लगायतका प्रथाहरुको अन्त्यको लागि चेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ।

६. गाउँपालिका भित्र महिला हिंसा न्यूनिकण गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा गरि लागु गरिने छ।

७. बाबु आमा विहिन बालबालिकाको लागि प्रदान गरिने राहत कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ।

८. अपाङ्गता भएका व्यक्तिका लागी समुदायमा आधारित पुनस्थापना कार्यक्रम संचालन गरिने छ।

९. दलित समुदायका लागी लक्षित कार्यक्रम तथा जातिय विभेद तथा छुवाछुत अन्त्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।

## ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तथा सामाजिक सूरक्षा

१. भौतिक संरचना निर्माण गर्दा बालमैत्री अपाङ्गमैत्रि भवन तथा संरचना निर्माण गरिनेछ।
२. गाउँपालिका भित्र रहेका महिला आमा समुहको क्षमता अभिवृद्धि गर्न चेतनामुलक तथा शिपमुलक तालिम व्यवस्था गरिनेछ।
३. गाउँपालिका स्तरीय बाल क्लव स्थापना गरी समाजमा रहेका विकृतिहरु लाई रोक्न तथा न्यूनिकरण गर्न अभियान संचालन गरिनेछ।
४. समाजमा रहेका हरेक क्षेत्रको महिलाहरुलाई सहभागिता गराई नारी दिवश तथा तिज विशेष कार्यक्रम संचालन गरिने छ।
५. सामाजिक सूरक्षा भत्ता वितरण गर्दा प्रत्येक लाभग्राहीहरुलाई बैंकमार्फत रकम भुक्तानी गरिनेछ।

# ३. पुर्वाधार विकास

## ❖ सडक आवास तथा भवन

१. बर्षातको समयमा क्षति हुने सडकहरुको संरक्षण कार्य गर्न ***हाम्रो सडक हाम्रो गाउँ सबै मिलि सुन्दर बनाउ*** भन्ने नारालाई आत्मसाथ गर्दै आआफ्नो सडक तथा गाउँ आफै बनाउन प्रेरित गरिने छ।
२.स्थानिय तहमा हुने विकासको पुर्वाधारमा दोहोरोपना हटाउन संघ प्रदेश र स्थानिय तहसँग उचित समन्वय गरिने छ।
३.सडक संजालको दिगो विकासको लागी सडक गुरुयोजना तयार गरी लागु गरिने छ।
४.घ्याङफेदि सिसिपु तालु कसेरी फेदी हुदै सूर्यकुण्ड गोसाईकुण्ड पदमार्गको जोखिम विश्लेषण गरिने छ।
५.ठेक्का प्रणालीलाई व्यवस्थित गरिने छ । भाद्र महिनामा बोलपत्र आबह्रान गरि निरन्तरता दिईने छ।
६.पुर्वाधार निर्माण तथा गुणस्तर परिक्षणको लागी सिभिल ल्याबको व्यबस्था गरिने छ।

७.निर्माण सम्पन्न भएका सडकहरुलाई थप मर्मत सम्भार गर्दै नयाँ ट्र्याक खोल्न निरुत्साहित गरिने छ।

८.ठेक्का प्रणालीलाई पारदर्शी ,मर्यादित र व्यवस्थित बनाउन कार्तिक महिना भित्रमा नै बोलपत्र आव्हान गरी ठेक्का प्रणालीलाई प्रभावकारी ढङ्गले व्यवस्थित गरिने छ ।

९.सडक संजालको वास्तविक तथ्याङ्क तयार गरी सडक गुरुयोजना निर्माण गरिने छ ।

१०. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितीलाई सम्मान गर्दै समग्र योजनाहरुलाई थप प्रभावकारी बनाउने नीति लिईने छ ।

११. ***" जागरुक उपभोक्ता,सक्रिय टोलः समुन्नत र विकसित हाम्रो दुप्चेश्वर "*** को नारालाई आत्मसात गर्दौ उपभोक्ताको मागमा आधारित भई योजनाहरुमा बजेट बिनियोजन गरिने छ ।

१२. सार्वजनिक स्थल, मठ-मन्दिर र गुम्वा लगायत धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकिय, पुरातात्विक तथा सार्वजनिक महत्वको स्थानहरुमा रहेका अतिक्रमित सार्वजनिक सामुदायिक र सरकारी जग्गाहरूको पहिचान गरी प्राथमिकताको आधारमा संरक्षण तथा संवद्धन गर्ने नीति अवलम्वन गरिने छ।

१३. दिगो विकासको लक्ष प्राप्तिका लागि स्थानीय सरकारको स्पष्ट नीति तथा कार्ययोजना बनाई वार्षिक योजनामा समावेश गरि कार्यानवयनमा ल्याइने छ।

१४. स्थानीय तहसंग जोडिएका सबै प्रकारका बजेटहरु तथा कार्यक्रमहरुको सहि रुपमा कार्यान्वयन गर्नका लागि योजना कार्यक्रम असार मसान्त भित्र स्वीकृत गरि लागु गरिने छ ।

१५. गाउँपालिकाको आयोजनाहरु संचालन गर्दा भौगोलिक अवस्था प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन **IEE** र वातावरणीय प्रभाव मुल्याङ्कन **EIA** अनुसार आयोजनाहरु संचालन गरिने छ।

१६. गै.स.स मार्फत साझेदारीमा हुने योजनाहरुलाई जोड दिईने छ साथै समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बजेट सुनिश्चित गरि कार्यान्वयन गरिने छ।

१७. सबै वडाका उपभोक्ता समिति र सरोकारवाला निकायहरुका लागि योजना संचालन सम्बन्धी अभिमुखीकारण कार्यक्रम संचालन गर्दै योजना अनुगमन, निरिक्षण र **Quality Quantity** अनुरुपको काम गर्नका लागि अनुगमन समितिलाई जिम्मेवार बनाइने छ।

१८. दिगो विकासको लक्ष्य हासिल गर्नका लागि बनेका योजनाहरुलाई प्राथमिकतामा राखिने छ।

१९. पालिकाका महत्वपुर्ण योजनाहरु कार्यान्वयन गर्दै समुन्नत दुप्चेश्वर निर्माण गर्न आवधिक योजना (Periodic Plan) तथा मध्यमकालिन खर्च सँरचना (Medium Term Expenditure Framework )तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२०. योजनाको सम्पूर्ण विवरण तथा उपभोक्ता समितिका काम,कर्तव्य र अधिकार सम्बन्धी स्पष्ट नीति बनाई कार्यान्वयनमा ल्याइने छ योजनामा उपभोक्ता सहभागीतालाई सुनिश्चित गरिने छ।

## ❖ सूचना प्रविधि तथा संचार

*"समृद्धीको नवीन आधार सूचना प्रविधि र संचार विस्तार"*

१. स्थानिय स्तरमा वृहतर लक्षहरु हासिल गर्न सूचना तथा संचार प्रविधिको विकासमा आउदा दिनहरुमा उल्लेखित श्रोत साधनको व्यवस्थाका साथ उच्च स्तरको प्रविधि प्रयोगमा ल्याईनेछ।

२.डिजिटल साक्षरता अभिबृद्दि गर्न पालिका स्तरिय डिजिटल साक्षरता कार्यक्रम तर्जुमा गरि लागु गरिने छ।

३.सार्वजनिक तथा निजि क्षेत्रमा कार्यरत संस्थाहरुलाई सूचना तथा संचार प्रविधि सम्बन्धी दक्षता अभिवृद्दि तथा समग्र रुपमा मानव संसाधान विकासमा लगानी अभिवृद्दि गर्न विशेष पहल गरिने छ।

४.योजना निर्माण, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी तथ्याङ्क संकलन साथै पर्यटन सम्बन्धी सेवा तथा गन्तव्य वारे जानकारी प्रदान गर्नका लागी सूचना प्रविधि सम्बन्धी कार्यहरु गरिनेछ।

५.समुदायलाई सूचना तथा प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन डिजिटल साक्षरता कार्यक्रम तर्जुमा गरि लागु गरिने छ।

६.बजार क्षेत्र र दुप्चेश्वर महादेव मन्दिर आसपास निःशुल्क उच्च गतिको WiFi वितरण गरिने छ।

७. आर्थिक प्रशासनमा SuTRA को प्रयोग, बिद्युतिय हाजिरीको प्रयोग तथा अनुगमन, E building Permission System, Online Revenue Payment System, अनुगमन प्रणालीमा सफ्टवेयरको प्रयोग, मातहतका स्वास्थ्य संस्थामा Tele / Medicine को प्रयोग, अनलाईन गुनासो व्यवस्थापन प्रणाली, व्यक्तिगत घटना दर्तामा सफ्टवेयरको प्रयोग, सेवा प्रवाहका ई टोकनको प्रयोग, डिजिटल नागरिक वडापत्र तथा Display Notice Board को व्यवस्था गरिने छ।

८. पालिकाको कार्यालय र मातहतका सबै वडा कार्यालयमा सिसिटिभी क्यामेरा जडान गरी नियमित अनुगमन गर्ने व्यवस्था मिलाईने छ।

९. पालिकाको कार्यालय र मातहतका सबै वडा कार्यालयमा फ्री वाईफाईको व्यवस्था गरिने छ।

१०. धार्मिक तथा पर्यटकिय क्षेत्रको प्रचार प्रसार गरि आन्तरिक तथा वाह्य पर्यटकहरुको आगमनमा वृद्दि गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

११. सूचना र प्रविधिको नविनतम प्रयोग मार्फत कृषि क्षेत्रको उत्पादकत्व प्रतिस्पर्धी क्षमता र वजार विस्तार लगायतका विषयमा आवश्यक पहल गरिने छ।

१२. विद्यालय , स्वास्थ्य संस्था लगाएतका सामुदायिक संस्थाहरुलाई दिईरहेको निःशुल्क ईन्टरनेट, संचार प्रविधि सेवा कार्यलाई निरन्तरता दिईने छ।

१३. कार्यालयको कामकाजहरु स्वचालित रुपमा software प्रणाली मार्फत संचालन गरि प्रभावकारी कार्यसम्पादन हासिल गर्ने लक्ष लिइएको छ।

१४. गाउँपालिकाको राजस्व प्राप्तिका लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत पालिका सूचना प्रणाली विकास गरिनेछ।

## ४. बन वातावरण तथा विपद् व्यवस्थापन

### ❖ विपद् जोखिम व्यवस्थापन

*"प्राकृतिक प्रकोपमा पुर्याय ध्यान: जोखिम न्युनिकरण हाम्रो अभियान "*

१. प्राकृतिक प्रकोप तथा जोखिम न्युनिकरणका लागि जोखिमका क्षेत्रहरू पहिचान गरि आवश्यक भौतिक पुर्वाधार निर्माण गरि क्षतिको न्युनिकरण गरिने छ।

२. विपद्बाट हुने क्षतिको उद्धार, राहत तत्काल पुनर्स्थापनाको लागि आवश्यक जनशक्ति र श्रोत सामग्रिको व्यवस्थापन र परिचालन गरिने छ।

३. विपदजन्य घटनाहरुको न्युनिकरण गर्न तथा विपदबाट हुने क्षतिको व्यवस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत प्रतिकार्य योजना निर्माण गरि लागु गरिने छ।

४. बाढी पहिरो र भुक्षयलाई न्युनिकरण गर्न पालिका दुप्चेश्वर गाउँपालिका भित्र रहेका सामुदायिक बन क्षेत्रहरुको हरियाली कायम राख्न वृक्षारोपण कार्यक्रम सँचालन गरिने छ।

५. विपद् पूर्व तयारी खोज तथा उद्दार राहत सामाग्री पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ।

## ❖ बातावरण तथा फोहोर मैला व्यवस्थापन

१. समुन्द्रटार बजार, दुप्चेश्वर मन्दिर लगायत अन्य बजार क्षेत्रहरुबाट उत्पादन हुने फोहोरमैला ब्यवस्थापनको दिर्घकालिन कार्ययोजना तयार गरिने छ ।जसका लागी विश्वविद्यालयमा अध्ययनरत बाताबरण विज्ञानका विद्यार्थीहरुसँग सोधपत्र तथा प्रस्ताव संकलन गरिनेछ ।साथै सो को कार्यान्वयनका लागी राष्ट्रिय आविष्कार केन्द्रको सहयोग लिईने छ ।

२. गाउँपालिका भित्रका खाली जमिनहरु हरियाली बढाउन बृक्षारोपण कार्यक्रम संचालन गरिने छ।

३. बाँदरलाई आबश्यक खाद्यन्न परिपुर्तिका लागि बनजंगत क्षेत्रमा फलफुलका विरुवाहरु वृक्षारोपण गरि बाँदर न्यूनिकरणका लागि पहल गरिने छ।

## ❖ भू संरक्षण तथा जलाधार व्यवस्थापन

१. गाउँपालिका भित्र रहेका खानेपानीको मुहान तथा जलाधार क्षेत्रहरुको संरक्षण सम्बर्द्धनका लागि अध्ययन गरी व्यवस्थित गरिने छ।

२. प्राकृतिक रुपमा रहेका स्वीमिङ पुलहरुको संरक्षण गरी संरचनात्मक सुधार गरिने छ।

३. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुर्‍याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

४. जलवायु परिवर्तनबाट पारिस्थिकीय प्रणाली स्थानीय जनाता र जिविकोपार्जन पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनमा कार्यक्रम संचालन गरिनेछ।

५. प्राकृतिक प्रकोप भु क्षबाट क्षति हुन सक्ने जमिनहरुको एकिन गरी आवश्यक तटबन्धन तथा रोकथामका उपायहरु अपनाईने छ।

## ६. संस्थागत विकास

*"संस्थागत विकास सेवा प्रवाहको निकास*
*जनुमुखी प्रशासन प्रभाककारी सुशासन"*

१.दुच्चेश्वर गाउँपालिकाको समग्र सेवा प्रवाहलाई सरल सहज व्यवहारिक र वस्तुनिष्ठ बनाउने प्रयोजनका लागी सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी स्वीकृत गरिने छ ।

२.क्षमता विकास योजना अनुसार कर्मचारीको आवश्यकता र चाहना अनुरुप तालिम प्रदान गरिनेछ।

३.गाउँ पालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न सेवा प्रवाह कर्मचारी व्यवस्थापन लगायत विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणालिलाई फराकिलो तथा प्रभावकारी बनाईनेछ।

४.कार्यालयको काम कार्वाहीलाई सफ्टवेयर संचालन गरी डाटालाई डिजिटाईज गर्ने कामको सूरुवात गरिने छ।

५.आन्तरिक आयलाई वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन राजश्व सुधार कार्ययोजनाको पालना गरी व्यवस्थित रुपमा राजश्व संकलन गरिने छ।

६.मालपोत सम्पति कर र अन्य राजश्व सम्बन्धी करको अनलाईन मार्फत अभिलेख राख्ने व्यवस्था गरिने छ।

७.आन्तरिक आय वृद्धि गर्नका लागि करको दायरा बढाई गाउँपालिका भित्रका सबै नागरिकहरुलाई करको दायरमा ल्याईने नीति लिईने छ।

८.संगठन तथा व्यवस्थापन सर्भे प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ।

९.भ्रष्टचार अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनहीलताको नीति अवलम्बन गरी संविधान सूचनाको हक सम्बन्धी कानुनको पुर्ण सम्मान र पालना गर्दै सार्वजनिक पँहुचको अवधारणामा प्रशासन संचालन गरिने छ।

१०. सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन तथा सहजीकरण गर्नका लागी हेल्प डेस्कलाई व्यवस्थित गरिने छ साथै कार्यालय परिसरमा फ्रि

वाईफाईको व्यवस्था, सहायता कक्ष, स्तनपान कक्षको व्यवस्थालाई निरन्तरता दिईने छ ।

११. सेवा प्रदान गर्ने सम्पुर्ण पालिकास्थित सरकारी निकायहरुमा नागरिक बडापत्रलाई आधुनिक प्रविधियुक्त बनाईने छ ।

१२. कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम मार्फत सम्पुर्ण कर्मचारीहरुको सिप र क्षमता विकास गरिने छ ।

१३. सेवा प्रवाहमा स्वामित्व, अपनत्व कायम गर्न कर्मचारी प्रोत्साहन कार्यक्रम सँचालन गरिने छ ।

१४. खरिद योजना, सार्वजानिक खरिद एबम जिन्सी व्यवस्थापन र अभिलेखीकरण गर्नका लागि तालिम अभिमुखीकरण अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

१५. कार्यालय प्रयोजनका सबै श्रोत र साधन हरुको उच्चतम प्रयोगगरि चुस्त दुरुस्त एबम PAMS मा सम्पूर्ण जिन्शी विवरण को प्रबिस्ठी गरि सबै विवरण लाई software प्रणालीमा एकिकृत गरिने छ।

१६. सार्वजानिक खरिद कार्यलाई मितव्ययी पारदर्शी बनाउदै जिन्शी निरिक्षण प्रतिवेदन अर्ध बार्षिक र बार्षिक प्रगति विवरण अध्यावधिक गर्दै प्रयोग बिहिन जिन्सी सामान हरु लाई लिलामी साटफेर र बिक्रि गरि व्यवस्थापन गरिने छ।

***सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,***

आ.व को अन्त्यमा हुने असारे विकास गर्ने प्रवित्तिलाई अन्त्य गर्दै आ.व को सुरुमा नै योजना बनाएर काम सम्पन्न गर्ने नीति लिदै सबै प्रकारका काम तथा बिषयवस्तु माथि स्थानीय सरकार को ***"कृषि, संस्कृति, पर्यटन र पूर्वाधारः सन्तुलित विकास दुप्चेश्वर को आधार "*** बर्षको रुपमा मनाउदै जाने नीति लिएका छौं।

यस नीति तथा कार्यक्रमलाई पूर्णता प्रदान गर्नका लागि दुप्चेश्वर गाउँपालिका भित्र बसोबास गर्ने आमा-बुबा, दाजु-भाई, दिदि-बहिनी, बुद्धिजिबी, नागरिक समाज, जनप्रतिनिधि, कर्मचारीहरु, संघ संस्थाहरु, शिक्षक विद्यार्थीहरु लगायत सरोकारवाला

सबैको साझा संकल्पबाट प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा एकताबद्ध भई सार्थकता प्रदान गर्ने अपेक्षा हामीले राखेका छौं। नीति तथा कार्यक्रमलाई पुरा गर्न उच्च मनोबलका साथ आपसी भाइचारा सामाजिक सद्भाव र सहयोग प्राप्त हुने कुरामा हामी विश्वस्त छौं। स्थानीय सरकारको विकास अभियानमा एकताबद्ध भई सम्पूर्ण प्रकारका सहयोग प्राप्त गर्दै एकआपसमा हातेमालो गरि साथ दिनुहुन आम दुप्चेश्वर वासीहरुमा हार्दिक आव्हान गर्दछु।

दुप्चेश्वर महादेवले हामी सबैको कल्याण गरुन्। धन्यवाद।

शंकर बहादुर थापा

अध्यक्ष

२०८१।०३।०९